# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ चैत्र २४ गते

### जाजरकोटको दसेरा गाउँ विकास समितिमा देखिएको झाडापखालाको सत्यतथ्य बुझी बिरामीहरुको उपचार सुरु गर्न सरकारलाई आग्रह

जाजरकोटको दसेरा गा.वि.स. लगायतका अन्य गा.वि.स.मा आईतबारदेखि देखिएको झाडापखालाले महामारीको रुप लिने सम्भावना देखिएको भन्ने आजका राष्ट्रिय दैनिक पत्र-पत्रिकामा प्रकाशित समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

झाडापखालाको समस्याबाट दसेरा गा.वि.स.मा मात्र ४० जना भन्दा बढी बिरामी परेको र अधिकांश बिरामी एसएलसी दिंदै गरेका विद्यार्थीहरु, केन्द्राध्यक्ष र निरीक्षकहरु रहेका छन । विरामीको संख्या बढ्दै गएको भन्ने समाचारको बारेमा थप अनुसन्धान गरी बिरामीको तत्काल उपचार सुरु गर्न तथा संख्या थप बढ्न नदिन विशेषज्ञता हासिल गरेका स्वास्थ्यकर्मीको एक टोली यथाशीघ्र प्रकोप स्थल खटाउन एवं एस.एल.सी परिक्षा दिइरहेका विद्यार्थीको स्वास्थ्यप्रति विशेष ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

विगतको वर्षमा सोही क्षेत्रममा एसएलसी परिक्षाको समयमा फैलिएको स्वाईनफ्लुले महामारीको रुप लिएका कारण दर्जनौंको ज्यान गएको तथा २०६६ साल र २०७१ सालमा पनि सोही जिल्लामा फैलिएको झाडापखालाको माहामारीले सयौंको ज्यान गएको तथ्य हामी माझ छ ।

झाडापखालाको सम्बन्धमा सत्य तथ्य बुझी झाडापखाला फैलिनुका कारण पत्ता लगाएर नियन्त्रणको लागि प्रभावित क्षेत्रमा स्वास्थ्यकर्मी तथा औषधीको अभाव हुन नदिने, सरसफाईको लागि जनचेतना जगाउने कार्यहरु प्रारम्भ गर्न आयोग सरकारलाई पुनः आग्रह गर्दछ । सर्वसुलभ रुपमा स्वास्थ्य सम्बन्धी सेवा प्राप्त गर्ने नागरिकको अधिकारको रक्षा गर्ने तर्फ ध्यान केन्द्रित गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

### पुनर्निर्माणको कार्यलाई वर्षातको समय अगावै तीव्रता दिई भूकम्प पीडितहरुलाई बासको व्यवस्था मिलाउन आयोगद्वारा नेपाल सरकारको ध्यानाकर्षण

नेपाल सरकारले भूकम्प प्रभावितहरुलाई दोलखा जिल्लाको सिंगटीबाट अनुदान दिन सुरु गरेको बुझिए पनि यस सम्बन्धी कार्यविधिगत त्रुटी लगायत विभिन्न कारणले भूकम्प प्रभावितहरुले अनुदान प्राप्त गर्न कठिनाई भएको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । यस सम्बन्धमा आयोगले नेपाल सरकारको पटक-पटक ध्यानाकर्षण गराउदै पत्राचार गरेको छ ।

भूकम्पले बस्ने बास भत्किँदा घर भित्र रहेका जग्गाधनी प्रमाणपूर्जा, नागरिकताको प्रमाणपत्र लगायतका महत्वपूर्ण कागजपत्रहरु गुमाउनु परेको अवस्थामा अनुदान प्राप्तिको वैकल्पिक व्यवस्था नभएकै कारण अनुदान प्राप्त गर्नबाट वञ्चित हुनु परेको अवस्था छ । भूकम्प गएको एक वर्ष पूरा हुन लागिसक्दा पनि पुनर्निर्माणको कार्यले गति लिन नसक्दा नजिकिँदै गएको वर्षातको समयमा भूकम्प प्रभावितहरुको अवस्था नाजुक हुने तर्फ संचेत गराउँदै तत्काल भूकम्प पीडितहरुको उचित बसोबासको व्यवस्था मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँद छ ।

राज्यबाट प्राप्त हुने सेवा सुविधा विना भेदभाव समयमै प्राप्त गर्नु हरेक नागरिकको नैसर्गिक अधिकार हो । भूकम्प पीडितहरुले हाल भोगिरहेको समस्याहरुलाई पहिलो प्राथमिकतामा राखी यथाशीघ्र समाधान गर्दै पुनर्निर्माणको कार्यलाई वर्षातको समय अगावै तीव्रता दिई प्राकृतिक प्रकोप पीडितहरुलाई थप जोखिम भोग्नबाट संरक्षण प्रदान गर्न आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ । दोलखाबाट आरम्भ भएको पुनर्निर्माणको कामको अनुगमनका लागि आयोगले एक टोली त्यसतर्फ पठाउँदैछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org